**नेपाली** / ***NEPALI***

**बाट:** रणनीतिक दूरदर्शन समितिका (*Strategic Visioning*) संयुक्त अध्यक्षहरू

**विषय:** *UW–Madison* को भविष्यको कल्पना गर्न सहयोग गर्नुहोस्: रणनीतिक दूरदर्शन (*Strategic Visioning*) को सामुदायिक छलफलमा भाग लिनुहोस्

आदरणीय संकाय र कर्मचारीहरू,

गएका केही महिनाहरूमा, कुलपति Mnookin द्वारा बोलाइएको दूरदर्शन समितिले विश्वविद्यालयको आगामी रणनीतिक रूपरेखाका सिफारिसहरूलाई जानकारी दिन शुरूवाती अवधारणाहरू बनाउँदै आएको छ। हामी यी अवधारणाहरूलाई व्यापक क्याम्पस समुदायसँग साझा गर्न उत्साहित छौँ र आफ्नो प्रतिक्रिया दिनको लागि प्रत्यक्ष सामुदायिक छलफलमा सामेल हुन तपाईंलाई आमन्त्रण गर्दछौँ।

उच्च शिक्षामा र *UW–Madison* अनिश्चितताको यो क्षणको बाबजुद, हाम्रो उद्देश्यको महत्त्व प्रति हाम्रो गहिरो विश्वासले यसलाई हाम्रो भविष्यका लागि रणनीतिक रूपमा योजना बनाउनु अत्यन्त महत्त्वपूर्ण गराउँछ, त्यसैगरी हामी हालका क्षणको आवश्यकतालाई प्रतिक्रिया दिन जारी राख्नेछौं।

हरेक सामुदायिक छलफलमा, दूरदर्शन समितिका एक सदस्य शुरूवाती अवधारणाहरूको बारेमा प्रस्तुत गर्न तिनीहरूको बारेमा मुख्य प्रश्नहरू वरिपरि छलफल गराउन उपस्थित हुनुहुनेछ। सानो छलफल समूह र व्यक्तिगत रूपमा दुवै तरिकाले प्रतिक्रिया बुझाउने अवसर तपाईंलाई मिल्नेछ।

तालिकामा राखिएको व्यक्तिगत सामुदायिक छलफलहरू हेर्न र तपाईंको समय अनुसार मिल्ने एउटामा भाग लिन दर्ता गर्नका लागि दर्ता गर्ने वेबसाईट हेर्नुहोला। कर्मचारीहरूले आफ्नो कामको समयमा तलब पाउने तरिकाले उपस्थित हुन सक्नेछन् तर आफ्नो कामको समय बाहिरको बैठकमा उपस्थित भएमा तलब पाउने छैनन्। यदि तपाईं आफ्नो कामको समयसमा उपस्थित हुने योजना बनाउँदै हुनुहुन्छ भने आफ्नो सुपरभाईजरलाई अगाडि नै खबर गर्नुहोला — सम्भव भएसम्म हामी सुपरभाईजरहरू प्रति लचिलो हुन अपेक्षा राखेका छौं।

हरेक छलफल कार्यक्रममा १०० जनासम्म उपस्थित हुन सक्नुहुनेछ, त्यसैले अगाडि नै दर्ता गर्नुहोला!

सबै छलफल कार्यक्रमहरू अङ्ग्रेजी भाषामा सञ्चालन गरिनेछ। तर, यदि तपाईंलाई आफ्नो भाषाको सामुदायिक छलफलमा भाग लिने इच्छा भएमा, कृपया सांस्कृतिक भाषागत सेवा (*Cultural Linguistic Services*) लाई अप्रिल ११ तारिख सम्ममा सम्पर्क गर्नुहोला:

- स्पैनिश: (608) 263-2328 वा spanish-cls@wisc.edu
- मङ: (608) 263-2217 वा hmong-cls@wisc.edu
- तिब्बती: (608) 890-2545 वा tibetan-cls@wisc.edu
- चिनियाँ: (608) 890-2628 वा chinese-cls@wisc.edu
- नेपाली: (608) 262-7521 वा nepali-cls@wisc.edu

हामी आशा गर्छौं कि *UW–Madison* को भविष्यको कल्पनामा सहयोग गर्न यस बेजोड अवसरमा तपाईं सामेल हुनुहुनेछ।

तपाईंको सहभागिता र *UW–Madison* प्रतिको निरन्तर समर्पणका लागि धन्यवाद।

*On Wisconsin!*

Charles Isbell, Jr.
प्रोभोस्ट र शैक्षिक मामिलाका उपकुलपति

Lauren Papp
अनुसन्धानका संयुक्त डिन, *School of Human Ecology (SOHE)*